## अनुसूची- २

(दफा ४ सँग सम्बन्धित)

देउमाई नगरपालिका

# घरेलु तथा लैङ्गिक हिंसा पिडित राहात सुरक्षा सहायता कोष सञ्चालन कार्यविध २०७९

खण्ड १ संख्या १

**नगरकार्यपालिकाबाट स्वीकृत** मितिः २०८०/०१/१५

भाग-२

देउमाई नगरपालिका

## प्रमाणीकरण बिवरण

**प्रमाणीकरण गर्ने पदाधिकारीको दस्तखतः**

**प्रमाणीकरण गर्नेको नाम थरः**

**पदः प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणीकरणः मितिः २०८०।०२।२५**

**घरेलु हिंसा सम्बन्धी ऐन २०७५को दफा १६ले दिएको अधिकार प्रयोग गरी नगर घरेलु तथा लैङ्गिक हिंसा पिडित राहात सुरक्षा सहायता कोष सञ्चालन कार्यविधि, २०७९**

**कार्यपालिकाद्वारा स्वीकृत मितिः**

प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावना :

प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकारको सम्मान गर्दै घर परिवारभित्र वा घर परिवारसँग गाँसिएर हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्य नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, "देउमाई नगरपालिका, नगर **घरेलु हिंसा** पिडित राहात( सुरक्षा) कोष" को स्थापना र सञ्चालन गर्न कोशी प्रदेशको सरकार सभाले पास गरेको ऐनको दफा ११ बमोजिम कोष संचालन समितिको गठन गरी निजहरुको नाममा ऐन बमोजिमको बैकमा खाता खोली कोषको संचालन गर्न ऐनले दिएको अधिकार प्रयोग गरी "देउमाई नगरपालिका नगर घरेलु तथा लैङ्कि हिंसा पिडित राहात सुरक्षा सहायता कोष सञ्चालन कार्यविधि, २०७९" जारी गरिएको छ ।

## परिच्छेद-१

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम देउमाई नगरपालिका, नगर घरेलु तथा लैङ्कि हिंसा पिडित राहात सुरक्षा सहायता कोष सञ्चालन कार्यविधि, २०७९"रहेको छ ।

(२) यो कार्यविधि देउमाई नगर कार्यपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ ।

(३) यो कार्यवधि देउमाई नगरपालिका भित्र लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क)"कार्यबिधि"भन्नाले नगर घरेलु लैङ्कि हिंसा सम्बन्धी कार्यबिधि २०७९ सम्झनु पर्छ ।

(ख)"घरेलु सम्बनध"भन्नाले पति, पत्नी, छोरा, छोरी, बुहारी,धर्मपुत्र वा धर्मपुत्री भएको वा सयुक्त परिवारको सदस्य, आश्रित वा घरेलु कामदारको रुपमा एकै परिवारमा बसेका ब्याक्तिहरुका बीचमा भएको सम्बन्ध सम्झनु पर्छ ।

(ग)"घरेलु हिंसा"भन्नाले कुनै ब्याक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै ब्याक्तिलाई दिएको शारिरिक, मानसिक, योनजन्य वा आर्थिक यातना सम्झनु पर्छ र सो शब्दले गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत जनाउँछ ।

(घ)"तोकिएको वा तोकिए बमोजिम"भन्नाले घरेलु हिंसा सम्बन्धी ऐन अन्तर्गत बनेको कार्यबिधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

प्रमुख प्रशासकीय अधिकृत
देउमाई नगरपालिका इलाम २०७३

ङ) " तोकिएको अधिकारी"भन्नाले घरेलु हिंसा सम्बन्धी ऐन बमोजिम बनेको कार्यबिधिमा तोकिएको अधिकारीलाई सम्झनु पर्छ ।

(च) "पीडक " भन्नाले अन्यथा प्रमाणीत नभएसम्म घरेलु हिंसा गरेको भनी पीडितले दाबी गरेको ब्यक्ति सम्झनु पर्छ र सो शब्दले घरेलु हि.सा गर्ने कार्यमा संलग्न रहेका अन्य ब्यक्ति वा मतियारलाई समेत जनाउँछ ।

(छ) "पिडक "भ घरेलु न्नाले पिडकसगँ घरेलु सम्बन्ध भई निंजद्धरा गरिएको घरेलु हिंसाबाट पीडि भनी दाबी गर्ने ब्यक्ति वा पिडाको अवस्थामा रहेको ब्यक्ति सम्झनु पर्छ ।

(ज) "प्रभावीत "भन्नाले पिडितसगँ आश्रित वा घरेलु हिंसाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा हानी, नोक्सानी वा असर पर्ने ब्यक्ति सम्झनु पर्छ ।

(झ) " स्थानीय तह "भन्नाले लेपालको संबिधान बमोजिमको स्थानीय तह देउमाई नगरपालिका सम्झनु पर्छ ।

## परिच्छेद ३

**३. सुरक्षा आवासः (१) आफू बसीरहेको स्थानबाट पीडित** वा प्भावीत ब्यक्तिले तत्काल अलग्गै बस्नु पर्ने अवस्था भएमा तत्कालीन संघिय सरकार, प्रदेश सरकार,स्थानीय तह वा सामाजिक सस्थाले संचालन गरेको सुरक्षा आवासमा बस्ने ब्यवस्था मिलाउनु पर्नेछ साथै "सुरक्षा आवास" भन्नाले आवास गृह, सेवा केन्द्र, पुनस्थापना गृह समेतलाई जनाउँछ ।

(२) अदालतमा मुद्धा दर्ता हुन अघि वा सो समावधीमा पीडित, आश्रीत वा प्रभावीत ब्यक्तिहरुलाई सुरक्षा, खाना, बालबालिकाको शिक्षा वा अन्य सहयोगको आवश्यकता परेमा सोको ब्यवस्था प्रदेश सरकार, संघिय सरकार, सामाजिक संस्थासगँ सहकार्य गरी आवश्यक प्रबन्ध मिलाउनु पर्नेछ ।

**(४)आर्थिक सहायता सम्बन्धी ब्यवस्था** (१)घरेलु हिंसासगँ सम्बन्धीतः प्रचलित ऐन, कानून बमोजिम अदालतमा मुद्धा गर्ने आर्थिक अवस्था कमजोर भएका पिडितलाई आवश्यक भएमा प्रदेश सरकार, स्थानिय सरकारले आर्थिक सहायता प्रदान गर्न सक्नेछ ।

(२) उपदफा १ बमोजिम प्रदान गर्ने आर्थिक सहायता मुद्धा दर्ता गर्न, साक्षी बकपत्र गर्न अदालत आउदाँ जादाँ खांजा खर्च र यातायात भाडा लगायत तोकिएका अन्य शीर्षकमा खर्च गर्न दिइनेछ ।

(३)यस दफा बमोजिम प्रदान हुने आर्थिक सहायता प्रप्त गर्न सम्बन्धीत स्थानीय तहको वडा कार्यालयको सिफारीस पेश गर्नु पर्नेछ ।

(४)यस दफा बमोजिमको आर्थिक सहायता रकम प्रदेश सरकारले स्थानिय तहलाई उपलब्ध गराउनेछ साथै संरक्षण कोषबाट खर्च गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

**(५)कोषको स्थापना सम्बन्धी व्यवस्था:** (१)घरेलु हिंसा समबन्धी ऐन बमोजिम देउमाई नगरपालिकामा घरेलु तथा लैङ्गिक हिंसा पिडित संरक्षण कोष नामको एक कोषको स्थापना गरिएकोछ ।

२)उपदफा १ बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन्।

क)संघिय, प्रदेश र स्थानीय सरकारबाट प्राप्त रकम

ख)कुनै स्वादेशी वा बिदेशी संघ संथा, सरकार वा ब्यक्तिबाट प्राप्त रकम

ग)अन्य स्रोतबाट प्राप्त रकम

**(६)कोषमा रकम जम्मा गर्ने:: (१)**दफा ५ बमोजिम स्थापना हुने कोषमा महिलाहरुको हक हितको संरक्षणका लागी नगरपालिकाले आफ्नो बार्षिक बजेको केही प्रतिशत(%)रकम कोषमा जम्मा गर्नु पर्नेछ ।

**(७)कोषको रकम प्रयोग: (१)**कोषको रकम देहाय बमोजिमको कामका लागी पीडितलाई उपलब्ध गराउन प्रयोग गरिनेछ ।

(क)तत्काल उद्धार गर्न

(ख)औषधी उपचार गर्न

(ग)राहात प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन

(घ)कानूनी सहायता, मनोनोबैज्ञानीक उपचार तथा मनोबिर्मष प्रदान गर्न

ङ)कुनै ब्यावसाय संचालन गर्न(सिड मनी) बीउ पूजींको रुपमा प्रदान गर्न

(च)पुनस्थापना गराउन

(२)उपनियम १ मा जुनसुकै कुरा लेखिएको भएतापनि संचालक समितिले घरेलु तथा लैङ्गिक हिंसाबाट पीडित बालबालीका तथा किशोरी वा घरेलु तथा लैङ्गिक हिंसाबाट प्रभावीत भई लागू पर्दाथको दुरब्यसनीमा फसेका वा मानसीक रोगी भई सडकमा आएका ब्यक्तिलाई प्रथामिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**(८)कोषको रकम प्रयोग:गर्न नसकिने:(१)**कोषको रकम नियम ७ मा लेखिए बाहेक अन्य कार्यमा प्रयोग गर्न सकिने छैन ।

(२) उपनियम १ मा जुनसुकै कुरा लेखिएको भएता पनि ततकाल उद्धार तथा राहत समितिले बैठक संचालन गर्न लाग्ने खर्चको लागी कोषको रकम प्रयोग गर्न सक्नेछ ।

(९) **समिति समबन्धी व्यवस्था र रकम बितरणको सिमा:(१)** कोषको ब्यवस्थापन तथा संचालनका लागी ऐनको दफा ११ बमोजिम एक समिति रहनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

(क) देउमाई नगरपालिका उप-प्रमूख तथा न्यायीक समिति संयोजक -अध्यक्ष

(ख) नगरपालिका प्रशासकीय अधिकृत -सदस्य

(ग)नगरकार्यापालिका महिला सदस्य मध्ये एक जना -सदस्य

(घ)घरेलु तथा लैङ्कि हिंसा निवारणको क्षेत्रमा काम गर्ने संस्था, समाज सेबी वा अधिकार कर्मी एक जना -सदस्य

ङ)इलाका प्रहरी कार्यालय प्रमूख -सदस्य

ङ)नगरपालिकाले तोकेको महिला कर्मचारी मध्येबाट एक जना -सदस्य

ङ)देउमाई नगरपालिकाको लेखा अधिकृत -सदस्य सचिब

(२) उपदफा १ बमोजिमको समितिले पीडितलाई सरक्षणका लागी राहात रकम बितरण गर्दा ऐनको समिा भित्र रहेर बितरण गर्नु पर्नेछ ।

(१०)निबेदन दिनु पर्नेः(१)यस कोषबाट आर्थिक सहयोग चाहाने ब्यक्तिले आर्थिक सहयोग पाउँ भनी समिति समक्ष निबेदन दिनुपर्नेछ ।

(२) उपदफा १ बमोजिमको निबेदन उपर समितिले छानबीन गर्दा आर्थिक सहयोग दिनै पर्ने देखिएमा पीडितलाई ऐनको सिमा भित्र रहेर रकम उपलब्ध गराउनु पर्दछ ।

(३) उपदफा १ बमोजिमको निबेदन उपर छानबीन गर्दा पीडितलाई आर्थिक सहयोग दिन नपर्ने मनासीब ठहरीएमा सो कुरा निबेदकलाई समितिले जानकारी गराउनु पर्छ ।

(११) कोषको खाता, कोषको लेखा, कोषको लेखा परिक्षणः (१)प्रशासकीय अधिकृत र लेखा अधिकृत (सदस्य सचिब)को नाममा पायक पर्ने बैकमा घरेलु तथा लैङ्कि हिंसा पिडित राहात सुरक्षा सहायता कोष नामको एक खाता खोलिनेछ ।यस खाता नगरको लेखा शाखाबाट संचालन गरिनेछ ।यस कोषको आय ब्ययको लेखा कानून बमोजि राख्नु पर्नेछ ।

(२) कोषको अन्तिम लेखा परिक्षण प्रचलित कानून बममोजिम हुनेछ ।

(३) कोषको आर्थिक प्रतिबेदन आवश्यकता अनुसार प्रद्श र नगरमा पठाउनु पनेृछ ।

## परिच्छेद ४

**(१२)**समितिको बैठक :(१)समितिको बैठक समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(२)समितिको प्रशासनिक खर्च प्रदेश सरकारबाट प्रप्त रकमबाट ब्यहोन पाईने छैन ।

(१३)समितिको सचिवालयः समितिको सचिवालय देउमाई नगरगरपालिकामा रहनेछ ।

(१४) संसोधन र खारेजीः नगरले कार्याबिधिको आवश्यक संशोधन र खारेजी नगै सकनेछ ।

प्रमुख प्रशासकीय अधिकृत